www.souryaonline.com

सौर्य दैनिक

वर्ष ११ | अंक ३३८ | शुक्रबार, २० माघ २०७९ | SOURYA NATIONAL DAILY | Friday, 3 February 2023 | पृष्ठ : ८ | मूल्य रू. ५

संगठन अद्यावधिक गर्न समाजवादीको निर्देशन

■ सौर्य समाचार

काठमाडौं । नेकपा (एकीकृत समाजवादी) को सचिवालय बैठकले आफ्ना सबै कमिटी, विभाग र मोर्चा संगठनलाई निर्धारित समयसीमाभित्र अद्यावधिक गर्न निर्देशन दिएको छ ।

पार्टीका अध्यक्ष माधवकुमार नेपालको अध्यक्षतामा बसेको बैठकमा संगठन निर्माण थप व्यवस्थित गर्न कार्ययोजनाका साथै समसामयिक विषयमा छलफल गरिएको उपमहासचिव एवं प्रचार विभाग प्रमुख जगन्नाथ खतिवडाले जानकारी दिए । यही माघ २१ र २२ गते हुने पार्टी केन्द्रीय कमिटीको बैठकमा प्रस्तुत गरिने राजनीतिक कार्यपत्रमा छलफल केन्द्रित भएको बैठकले उक्त कार्यपत्रलाई परिमार्जन गरी पेस गर्ने निर्णय गरेको छ ।

प्रतिनिधिसभा तथा प्रदेशसभा निर्वाचनपछि पहिलोपटक बस्न लागेको बैठकले मुलुकमा पछिल्लोपटक विकसित राजनीतिक परिस्थिति एवं घटनाक्रमका सन्दर्भमा, पार्टीका विभिन्न तहका कमिटीले संगठन निर्माणमा गरेका निर्णय अनुमोदन गर्नेछ । संगठनको पुनःगठन, पार्टीको भूमिका र गतिविधि प्रभावकारी बनाउने विषयमा छलफल गरिनेछ ।

पार्टीले यसअघि नै सबै जनवर्गीय, पेसागत र सामुदायिक संगठनका कमिटीलाई तत्काल सम्मेलन/अधिवेशन आयोजक कमिटीमा रूपान्तरण गर्ने र आगामी फागुन मसान्तभित्र सबै जनवर्गीय, पेसागत र सामुदायिक संगठनका जिल्ला सम्मेलन तथा अधिवेशन सम्पन्न गर्न निर्देशन दिएको थियो ।

रास्वपाको दुई दिने अल्टिमेटम

■ सौर्य समाचार

राष्ट्रिय स्वतन्त्र पार्टी (रास्वपा)ले गृह मन्त्रालयबारे निर्णय गर्न प्रधानमन्त्री र उच्चस्तरीय राजनीतिक संयन्त्रका संयोजकलाई दुई दिनको समय दिएको छ ।

गृह मन्त्रालय दिन प्रधानमन्त्री तयार नभएपछि रास्वपाले सरकार छाड्ने तयारीका साथ केन्द्रीय सदस्य र सांसदहरूको संयुक्त बैठक बोलाएको थियो । बैठक बस्नुअघि प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड र संयन्त्रका संयोजक एवं एमाले अध्यक्ष केपी शर्मा ओलीले रास्वपा सभापति रवि लामिछानेलाई फोन गरेका थिए ।

दुवै नेताले दुई दिनको समय मागेकाले पर्खिने निर्णय गरेको महामन्त्री एवं प्रवक्ता मुकुल हकाललेे जानकारी दिए ।

नागरिकता प्रकरणमा रवि लामिछानेले उपप्रधानमन्त्री तथा गृहमन्त्री पद गुमाएका थिए । सर्वोच्चको फैसलापछि नेपाली नागरिकता लिएका लामिछानेले पुनः गृह मन्त्रालय पाउनुपर्ने भन्दै प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड र एमाले अध्यक्ष केपी शर्मा ओलीलाई पटकपटक भेटेका थिए । तर, प्रधानमन्त्रीले रविलाई गृह मन्त्रालय दिन अस्वीकार गरेका थिए ।

रास्वपाले गृह मन्त्रालय नपाए सरकारबाट फिर्ता आउने चेतावनीसमेत दिएको थियो । वर्तमान मन्त्रिपरिषद्मा रास्वपाबाट श्रम, रोजगार तथा सामाजिक सुरक्षामन्त्री डोलप्रसाद अर्याल, शिक्षा, विज्ञान तथा प्रविधिमन्त्री शिशिर खनाल र स्वास्थ्य तथा जनसंख्या राज्यमन्त्री डा तौसिफा काकी रहेका छन् ।

पार्टी केन्द्रीय समिति र संसदीय दलको संयुक्त बैठक बस्नुअघि लामिछानेले सत्तारूढ दलका नेताहरूसंग संवाद गरेका थिए । रविले सरकारलाई दिएको समर्थन फिर्ता लिन्छौं भनेर आफूलाई पनि फोन गरेको राप्पा अध्यक्ष राजेन्द्र लिङ्देनले पार्टीको बैठकमा जानकारी दिएका थिए ।

सर्वोच्च अदालतले गत शुक्रबार लामिछानेको सांसद पद खारेज गर्ने फैसला सुनाएको थियो । त्यही कारण उपप्रधान तथा गृहमन्त्री पदसमेत गुमाएका उनले आइतबार नागरिकता लिएर पुनः मन्त्री बनाउन दबाब दिंदै आएका थिए । प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्ड त्यसमा सहमत नभएपछि रवि सरकारबाटै हट्ने तयारीमा छन् ।

यस्तो छ लामिछानेको फत्यासब्याक

लोकतन्त्र र त्यसका मूल्य-मान्यता, नेपाली समाजका मूल राजनीतिक, आर्थिक तथा सामाजिक प्रश्न, नेपालले अपनाएको संसदीय प्रणाली, समानुपातिक निर्वाचन प्रणाली र तिनका गुण वा दोषबारे रवि अनभिज्ञ मात्र छैनन्, त्यसया उनको रूचि र चासो पनि देखिन । यो पद्धति र राज्य सञ्चालनका जटिलता र तिनमा सुधारका मुद्दाबारे बुझ्ने प्रयत्न त झनै परको कुरा ।

केवल प्रधानमन्त्री बन्ने भूत उनमा यस्तरी सवार छ, म पछि परे कि भनेर उनी हतार-हतार यो दौडमा सामेल थिए । र, यो हतारो बालेन शाहले काठमाडौंको मेयर जितेपछि उनमा देखिएको थियो ।

मत सर्वेक्षण गर्ने एउटा कम्पनीले केही वर्षअघि नेपाली जनताले केपी शर्मा ओलीपछि तिमीलाई प्रधानमन्त्रीमा देख्न चाहेका छन् भनेर उनलाई भनिदिएको थियो । उनको मनमा प्रधानमन्त्री बन्ने सपना टुसाएको त्यही बेलादेखि थियो ।

जब बालेन भारी मतान्तरसहित काठमाडौंको मेयरमा चुनिए, उनलाई लाग्यो- मैले तिनुपर्ने ठाउँ बालेनले लियो, ऊ राजनीतिको नयाँ हिरो हुन लाग्यो । त्यसपछि स्यालेझैं हिँडेका लगानीकर्ताको विश्वासमाथि लात हानेर उनी बिनातयारी राजनीतिमा हाम फालेका थिए । यसले राजनीति, संविधान, संसदीय प्रणाली, निर्वाचन र मुलुकका प्रमुख राजनीतिक-आर्थिक विषयमा उनमा रहेको आधारभूत ज्ञान र सूझबूझको अभाव पछिल्ला केही महिनामै छताछुल्ल भएको थियो ।

'सिधा कुरा जनतासँग' रविको एउटा चिनारी हो, तर रवि त्यो मात्र होइनन् । उनको जीवनको बाटो त्यति सिधा पनि छैन । उनको निजी जीवन, व्यावसायिक जीवन र देश-विदेशका कहानीमा रविको चरित्र र इमान उनको राजनीतिक सुझबूझभन्दा कमजोर देखिन्छ ।

असार ७ गते पार्टी घोषणा गर्दा रविले आफूहरू कसरी अरू पार्टीभन्दा फरक छौं भन्नेबारे केही बुँदा पस्तुत गरेका थिए । पहिलो बुँदामा चुनावमा उम्मेदवार बन्न पार्टीमा प्राइमरी निर्वाचन हुने उल्लेख थियो भने तेस्रो बुँदामा प्रत्यक्ष निर्वाचित प्रधानमन्त्री र मुख्यमन्त्री हुने लेखिएको थियो । पोजेक्टरमा देखाइएका केही बुँदाबाहेक उनको राजनीतिक दर्शन वा योजनाको कुनै व्याख्या त्यहाँ थिएन ।

पार्टी सभापति भट्टसकेपछि असार १० गते रविले पहिलो पत्रकार सम्मेलन गरे । उक्त पत्रकार सम्मेलनमा मैले 'तपाईको दलले गणतन्त्र मान्छ कि मान्दैन ?' भनी सोधेको थिएँ । उनले गणतन्त्र नमानीकन कुनै पनि राजनीतिक दल दर्ता नहुने बताए ।

प्रदेशमा भने प्रत्यक्ष निर्वाचित मुख्यमन्त्री हुनुपर्ने उनको धारणा थियो । अर्कोतिर प्रदेश चलाउन आवश्यक कानुन बनाउन चाहिने प्रदेशसभा खारेज गरिदिनुपर्ने उनको तर्क छ । यो सबैका लागि पनि संविधान नै बदल्नुपर्छ । प्रदेशबारे उनको दलको यस्तो धारणा साउन २१ गते मात्र आएको थियो ।

त्यो निर्वाचन आयोगमा दल दर्ता गर्ने अन्तिम दिन थियो । अन्तिम समयमा दल दर्ता गर्न पुगेका रविले सङ्घीय चुनावबाट मात्रै लड्ने गरी फाइल दर्ता गराए । सात प्रदेशमा चुनाव लड्न दलहरूले हरेक प्रदेशका लागि छुट्टै फाइल दर्ता गर्नुपर्छ । निर्वाचन आयोगका अधिकारीहरूले त्यो दिन लामिछाने एउटा मात्र फाइल लिएर आइपुगेको बताएका थिए ।

प्रदेशसभा र त्यहाँका मन्त्रीहरूले राज्यकोषमा भार थपेको र भ्रष्टाचार मात्र बढाएकाले प्रदेशसभा चुनाव आफूले नलड्ने निर्णय गरेको उनको तर्क थियो । आफूहरूले केन्द्रीय कमिटीबाटै प्रदेशसभा चुनाव नलड्ने निर्णय गरेको उनको दावी थियो ।

प्रत्यक्ष निर्वाचित मुख्यमन्त्री हुने, त्यो मुख्यमन्त्रीले फरक लिंगको उपमुख्यमन्त्री नियुक्त गर्ने, मुख्यमन्त्रीहरूले नै जिल्ला प्रमुखहरू नियुक्त गर्ने र प्रदेश मातहतका अन्य सबै मन्त्रालय खारेज गर्ने उनको पस्ताव थियो ।

'देशको व्यवस्था बदल्न होइन, अवस्था बदल्न आएका हौं' भन्दै भाषण गर्ने रविले अहिलेको संवैधानिक व्यवस्था नबदली प्रत्यक्ष निर्वाचित मुख्यमन्त्री बनाउन सकिँदैन भन्ने सामान्य राजनीतिक बुझाइ राख्नेको देखिन । केन्द्र सरकारको प्रधानमन्त्री संसदबाट चुनिने तर प्रदेशको मुख्यमन्त्री प्रत्यक्ष जितेर आउने भनि ऊ मन्त्रीमण्डल बिनाको नेता हुने जुन प्रणाली उनले परिकल्पना गरेका छन्, त्यो कुनै राजनीतिशास्त्रीको समझभन्दा बाहिरको कुरा छ । संसारमा अर्को कुनै मुलुक छैन जहाँ उनले भनेजस्तो 'उँट प्रणाली' लागू छ ।

काम दिने लोभमा महिलालाई मानसिक र शारीरिक यातना

■ सौर्य समाचार

काठमाडौं । आकर्षक तलबको लोभ देखाएर एक महिलालाई कुवेत पुऱ्याइ १८ घण्टासम्म काममा लगाएर मानसिक र शारीरिक यातना दिएको पाइएको छ ।

पहरीको मानव बेचबिसन अनुसन्धान ब्यूरोका अनुसार पीडित महिलाले दिएको सूचनाका आधारमा उनलाई कुवेतबाट उद्धार गरिएको छ भने आरोपीमध्ये दुई जनालाई पकाउ गरिएको छ ।

ब्यूरोका प्रहरी उपरीक्षक दानबहादुर मल्लले पीडितको जाहेरीपछि पकाउ पर्नेमा उदयपुरका ४४ वर्षीय रवि थापा मगर भन्ने लालबहादुर मगर र इलामका ढुम्बर मगर भन्ने ढुम्बरबहादुर दलाँगी रहेका जानकारी दिए । केही आरोपी कुवेतमै रहेको र केही फरार रहेकाले खोजी जारी रहेको उनले बताए ।

ब्यूरोमा प्राप्त विवरणअनुसार ती व्यक्तिहरूले सुरुमा कुवेतमा रहेको रेस्टुरेन्टमा वेट्रेसको काममा मासिक आकर्षक तलब दिने र त्यहाँ राखी काम गरेपछि पोर्तुगल र अमेरिकाका रेस्टुरेन्टमा समेत पठाइदिने लोभ लेखाएर गएको मसिरमा त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट भ्रमण भिसामा बुएई हुँदै कुवेत पुऱ्याएका थिए ।

कुवेत पुगेपछि उनलाई अन्य एजेन्ट्मार्फत १ हजार ३ सय दिनारमा बिक्री गरेको खुलेको छ । त्यसपछि उनलाई दैनिक १८ घण्टासम्म श्रम शोषण गरी मानसिक र शारीरिक यातना दिएको महिलाले दिएको जाहेरीमा उल्लेख छ ।

आफूले यातना पाएको भनी उनले दिएको सूचनाका आधारमा परिवारले ब्यूरोमा उजुरी दिएका थिए । ब्युरोले कुवेतस्थित नेपाली राजदूतावासमार्फत

बाँकी पृष्ठ २

६ महिनासम्म लाइसेन्स निलम्बनको विरोध

■ सौर्य समाचार

काठमाडौं । प्रगतिशील नेपाल स्वतन्त्र यातायात मजदूर युनियनले सवारी चालकको चालक अनुमतिपत्र ६ महिनासम्म निलम्बन गर्ने सरकारी नीतिको विरोध जनाएको छ ।

बिहीबार युनियनले पत्रकार सम्मेलन गर्दै उक्त सरकारी नीतिको विरोध जनाएको हो । उनीहरूले सवारी तथा यातायात व्यवस्था ऐन र नियमावली १६४ को उपदफा ४ लाई अक्षरश कार्यान्वयन, सामान्य कमजोरीमा नै चालक अनुमतिपत्र ६ महिनासम्म निलम्बन गर्ने विनियम तत्काल खारेज, हालसम्म ६ महिने निलम्बनमा परिएका चालकको आश्रित परिवारलाई आवश्यक दैनिक गुजाराको व्यवस्था र रिइरोड वरिपरि यातायात सञ्चालन गर्ने यातायात श्रमिकको लागि शौचालयको व्यवस्थालगायतका माग राख्दै पत्रकार सम्मेलन गरेका हुन् ।

पत्रकार सम्मेलनमा यातायात क्षेत्रका मजदूरहरू यातायात व्यवस्था कार्यालय र विभागको गलत नीतिको सिकार बनिरहेको बताएका छन् । उनीहरूले दुर्घटना न्यूनीकरणको नाममा झण्झटिलो ट्राफिक नियमावलीको कारण दैनिक रूपमा दशौं यातायात मजदूर कार्यान्वित्रीन हुनुपरेको भन्दै पाँचपटक ट्राफिक नियमावलीअन्तर्गत कारवाही परेका यातायात क्षेत्रमा समर्पित चालकको चालक अनुमतिपत्र ६ महिनासम्म निलम्बन गर्ने सरकारी नीतिको कारण हालसम्म सयौं चालकहरू बेरोजगार हुनुपरेको बताएका छन् ।

पत्रकार सम्मेलनमा बोल्दै नेपाल स्वतन्त्र यातायात मजदूर युनियनकी उपाध्यक्ष सुस्मिता लामिछानेले सरकारले ल्याएको लाइसेन्स खारेजीको माग गरिनु । उनले भनिन, 'सवारी तथा यातायात व्यवस्था ऐनमा भएको ६ महिनाको लागि लाइसेन्स खारेजको विरोध गर्दछु । यसले मजदूर व्यवसायीहरूलाई धेरै पीडामा पारेको छ ।'

उनले भनिन, 'सानो सानो गल्तीले पनि ट्राफिक प्रहरीहरूले पटकै पिच्छे चिट, एकै दिनमा एउटै गाडीको तीन पटकसम्म चिट काटिन्छ । चिट

काटिसकेपछि हामीले तिर्ने जरिवाना तिरेका पनि छौं । जरिवाना तिर्दा पनि यो सरकारले ल्याएको लाइसेन्स खारेजको नियम ल्याएको रहेछ ।'

उनले यसरी लाइसेन्स खारेजी गरे सरकारले नै चालकहरूको परिवारको भरणपोषण गर्नुपर्ने बताउँदै भनिन, 'यदि पाँच चोटी चिट काटिएपछि उनीहरूले सवारी चलाउन नपाउने हो भने जो चालक हुन्छन् उनीहरूको परिवारलाई नेपाल सरकारले पाल्नुपर्यो । उनीहरूको भरणपोषणका हरेक कुरामा सरकारले व्यवस्था गर्नुपर्यो ।'

कार्यक्रममा बोल्दै नेपाल स्वतन्त्र यातायात मजदुर युनियनका अध्यक्ष दुर्गामान बर्देवाले यातायात क्षेत्रलाई राज्यले हेर्ने दृष्टिकोण नै फरक रहेको बताए । उनले अहिले नेपालमा करिब २२ लाख सार्वजनिक सवारीसाधन चलिरहेको र त्यसमा करिब ४४ लाख मजदुरले यातायात क्षेत्रमा काम पाएको बताए ।

बाँकी पृष्ठ २

■ कानुन एक व्यवहार अनेक

सांसद चौधरी पक्राउ, कोइरी फरार

■ सुवास गोतामे

काठमाडौं । नेपालको संविधानमा कानुनी शासनभित्र कसैले उन्मुक्ति नपाउने र कानुन सबैलाई बराबरी हुने उल्लेख छ । तर, 'नेपालको कानुन दैव जानुन्' भन्ने उखान विभिन्न घटनाक्रममा चित्रित भएको पाइन्छ । बिहीबार नेपाल प्रहरीले नागरिक उन्मुक्ति पार्टीका सांसद अरुण कुमार चौधरीलाई पकाउ गऱ्यो । उक्त पार्टीका संस्थापक रेशम चौधरी अहिले जेलमा छन् । कमजोर धरातलमा बनेको नागरिक उन्मुक्ति पार्टीका सांसद चौधरीले गरेको कसुर प्रमाणित भइसक्दा पनि निर्वाचन आयोगको लापरवाहीका कारण उनी सांसद बनेका थिए ।

चौधरीले गरेको कसुर भन्दा गम्भीर प्रकृतिको कसुर गरेका अर्का सांसद लक्ष्मी महतो कोइरी फरार छन् । प्रतिनिधिसभा निर्वाचनमा महोत्तरी निर्वाचन क्षेत्र नम्बर १ बाट निर्वाचित कोइरी अहिलेको सत्ता गठबन्धनका प्रमुख घटक एमालेका सांसद हुन् । माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल एवं प्रधानमन्त्री पुष्पकमल दाहाललाई विश्वासको मत दिन बानेश्वरस्थित संसद भवनमा पुगेका कोइरीलाई भने न प्रहरीले देखेन । सुशासनको ढक्का पिटेका निवर्तमान उपप्रधान एवं गृहमन्त्री रवि लामिछानेले कोइरी पकाउ पर्ने बताइरहे । तर, नेपाली सीमा कटुवासम्म उनलाई पकाउ गरिएन । एमाले अध्यक्ष केपी शर्मा ओलीकै निर्देशनमा कोइरी पकाउ गर्न प्रहरी असक्षम बन्यो । सत्तापक्षले नै कोइरीलाई भगायो । अहिले कोइरी कहाँ छन्, राज्य बेखबर छ ।

रोचक पक्ष त अख्तियार दुरुपयोग अनुसन्धान आयोगले गत पुस्मा नेपाली कांग्रेसका सांसद टेकबहादुर गुरुङ र एमालेका सांसद कोइरीलाई संसदबाट निलम्बन गरेर कुनै कामकारबाही गर्न नदिन संसद सचिवालयलाई पत्र लेखेको थियो । संसदले गुरुङलाई निलम्बन गऱ्यो तर, शक्तिको आडमा रहेका कोइरी फरारी बनाइए ।

कानुन कार्यान्वयन गर्ने पदमा बसेका व्यक्तिको दोहोरो चरित्रका कारण कानुन कार्यान्वयन हुन नसकेको संविधानविद्हरूको तर्क छ । संविधानविद् डा भीमार्जुन आचार्यले संसद् सचिवालय, राजनीतिक दल र गृह प्रशासनको दोहोरो चरित्रका कारण न्याय निरुपण हुन

नसकेको बताए । उनले भने, 'यो कानुन वा न्यायको दोष होइन, पदाधिकारीको दोष हो । व्यक्ति निर्दोष होला तर, कानुनको प्रक्रिया मान्ने पर्छ । गृह मन्त्रालय मुकदर्शक भएके कारण फरार अभियुक्त पकाउमा हिलाइ भएको हो ।' उनले व्यक्ति हेरेर विधिको शासन गर्छु भन्नु आफैमा लाजमर्दो विषय भएको बताए ।

प्रहरी केन्द्रीय प्रवक्ता प्रहरी नायब महानिरीक्षक पोषराज पोखरेलले चौधरी पकाउको पुष्टी गरे । उनले आगजनी मुद्दामा फरार रहेका चौधरीलाई पकाउ गरी कानुनी दायरामा ल्याइएको बताए । फरार एमाले सांसद कोइरीको पनि प्रहरीले खोजी गरिरहेको दावी हिआइजी पोखरेलले गरे । उनले भने, 'चौधरीलाई पकाउ गरियो । अर्को फरार कोइरीको खोजी गरिरहेका छौं ।'

को हुन् चौधरी

चौधरी गएको मसिरमा सम्पन्न प्रतिनिधिसभाको निर्वाचनमा केलाली क्षेत्र न २ बाट निर्वाचित सांसद हुन् । केलाली लम्की चुहा नगरपालिका गिधिनिया स्थायी घर भएका चौधरी नागरिक उन्मुक्ती पार्टीका हुन् । ०६६ भदौ ३ गते अर्काको दुयाक्टर आगजनी मुद्दामा चौधरीविरुद्ध जिल्ला अदालत केलालीले ०७० वैशाख ९ गते ६ महिना कैद र आठ लाख रुपैयां जरिवाना सुनाएको थियो । त्यतिबेलैदेखि फरार चौधरीले निर्वाचन आयोगलाई हाँटिर उम्मेदवारी दिए । जिते पनि । सरकारी अभिलेखमा चौधरी ०६६ सालमा जाहेरी दर्ता भएदेखि नै फरार छन् । अभियोग दर्ता भएपछि पनि उनी अदालतमा हाजिर त भएनन् नै । कैद सजाय र जरिवाना तोकिंदासमेत उनको खोजी राज्यले गरेन । बरु सरकार बनाउँदा विश्वासको मतका लागि सांसदको टाउको गनियो । चौधरी संसद भवन निर्वाध छिरे र मतदान गरेर उम्किएका थिए ।

को हुन् कोइरी

महोत्तरीका कोइरी निर्वाचन क्षेत्र नम्बर १ बाट निर्वाचित प्रतिनिधिसभा सदस्य हुन् । उनी निर्वाचनको बेला जनता समाजवादी पार्टी परित्याग गरी एमालेमा प्रवेश गरेका थिए । मधेस आन्दोलनका क्रममा आन्दोलनकारीको कुटाइबाट घाइते भएका सशस्त्र प्रहरीका सहायक निरीक्षक (असई) थमन विकको हत्या मुद्दामा उनलाई उच्च अदालत जनकपुरले थुनामा राख्नेर पुर्पक्ष गर्न आदेश दिएको थियो । घाइते सशस्त्र प्रहरीका सहायक निरीक्षक विकलाई उपचारका लागि जनकपुर लैजानेक्रममा एम्बुलेन्सबाट थुतेर हत्या गरिएको थियो । उक्त घटनामा मुद्दा चलेपछि जिल्ला अदालत महोत्तरीले ०७६ असोज २ मा कोइरीलाई १ लाख रुपैयां धरौटीमा छाड्ने आदेश दिएको थियो । जनकपुर उच्च अदालतले ०७७ मंसिर १९ मा जिल्लाको आदेश उल्टयाएर कोइरीलाई थुनामै राख्नेर मुद्दा अघि बढाउने आदेश दियो । त्यसयता उनी फरारको सूचीमा छन् ।

फरार रहँदै कोइरीले पुस २६ मा सङ्घीय संसदमा गएर प्रधानमन्त्री पुष्पकमल दाहालसंगै विश्वासको मत दिएका थिए । प्रहरीको उच्च सुरक्षा भएको संसद् भवनबाट कोइरी बाहिरिंदा कसैले देखेन । चौधरीलाई पकाउ गरेको विरोधमा नागरिक उन्मुक्ति पार्टीका नेता तथा कार्यकर्ताले केलालीको बीनियामा बिहीवार विरोध प्रदर्शन गरेका छन् ।

प्रदर्शनपछि बीनिया बजारमा आयोजित कोण सभालाई सम्बोधन गर्दै नाउपाका नेता जन्मदेव सञ्जालले शुक्रवार बिहान १० बजेदेखि केलालीमा यातायात बन्द गर्ने चेतावनी दिएका छन् ।

१३ वर्ष पुरानो आगजनीको घटनामा जिल्ला अदालत केलालीबाट ६ महिना कैद सजाय सुनाइएका चौधरीलाई बिहीवार दिउँसो प्रहरीले बाँकेको कोहलपुरबाट पकाउ गरेको थियो ।

डेउडा प्रतियोगिता हुने

■ सुरेन्द्र ताम्राकार

केवाली । धनगढीमा प्रादेशिक खुल्ला डेउडा प्रतियोगिता हुने भएको छ । डेउडा प्रतिष्ठानले बिहीबार पत्रकार सम्मेलन गर्दै डेउडा प्रतियोगिता हुन लागेको जनाएको हो । आयोजकका अनुसार प्रतियोगिताको सम्पूर्ण तयारी पूरा भएको र माघ २० गतेदेखि २२ गतेसम्म तीन दिनसम्म सञ्चालन हुँदैछ ।

प्रतिष्ठानका केन्द्रीय बरिष्ठ उपाध्यक्ष सुरत रावत (छोटेली कान्छा) ले पछिल्लो पुस्तालाई डेउडा गीत संगीतप्रति मोह जगाउन र उत्साहित बनाउँदै पुस्तान्तरण गर्नका लागि प्रतियोगिता आयोजना गर्न लागिएको बताए । उक्त प्रतियोगितामा सुदूरपश्चिम प्रदेशका ९ जिल्लाका २० टिम सहभागी हुने छन् । रावतले भने, 'एउटा टिममा ७ देखि १० जनाको सहभागिता हुनेछ र ३ सयजना कलाकारको सहभागिता हुनेछ ।'

उनले प्रतियोगितामा प्रथम हुने टिमलाई ५० हजार, द्वितीयलाई ४० हजार, तृतीयलाई ३० हजार र सान्त्वना २० हजार पुरस्कार राशी रहेको बताए । त्यस्तै, उत्कृष्ट डेउडियालाई १ हजार १ सय पुरस्कार दिइने जनाइएको छ । प्रतिष्ठानका केन्द्रीय अध्यक्ष दलबहादुर बोगटीले कला, संस्कृतिको संरक्षण सवर्द्धन गर्नका लागि सबैले आ-आफ्नो ठाउँबाट लाग्नु पर्नेमा जोड दिए । यस्तै, प्रतियोगिताको बीचमा सुदूरपश्चिमका २०-२५ जना चर्चित कलाकारले एकल प्रस्तुति दिने आयोजकले जनाएको छ । सोही क्रममा डेउडा गीत संगीत, कला तथा संस्कृतिको संरक्षण सवर्द्धनका लागि योगदान पुऱ्याएका हेमन्त विक्रम, केशवराज फुलारा, पदम थापी र डुबल बिष्ट गरी ४ जना सष्टालाई सम्मानसमेत गरिने प्रतिष्ठानको तयारी छ ।

प्रतिष्ठानका अनुसार कार्यक्रम सामाजिक विकास मन्त्रालयको सहयोगमा हुन लागेको तथा प्रतियोगिता धनगढीस्थित सुदूरपश्चिम साहित्य समाजको प्रादृशणमा हुँदैछ ।

पुनको 'एकल साँगीतिक साँझ' हुने

■ सौर्य समाचार

काठमाडौं । लोक दोहोरी गायिका टीका पुनको एकल साँझ हुने भएको छ । आगामी शनिवार दिउँसो साढे एक बजेबाट कमलादीस्थित प्रज्ञा भवनमा हुने एकल साँझमा उपराष्ट्रपति प्रमुख अतिथि रहने छन् । गायिका पुनले पत्रकार सम्मेलनमार्फत् कार्यक्रमबारे जानकारी दिएकी हुन् । उनले नेपालको मौलिक गीत संगीत तथा संस्कृतिको जरौना गर्न लक्ष्यका साथ आफूले एकल सागीतिक साँझ गर्न लागेको बताइन् ।

सागीतिक साँझमा गायिका पुनलाई गायक नारायण रायाधीर्घी, सङ्गत गर्वुजा, विवी अनुरागी, प्रिसन लामा, राजु परियार, पशुपति शर्मा, रामजी खाँण, किरणबाबु पुन लगायतले प्रस्तुतिमा साथ दिने आयोजक दर्पण संगीतालयले जनाएको छ । गायिका पुनका 'लालुपाते फूल छैन रुख मावे', 'सलल बगेको धेरी नदी', क्षितिज परी उनको बस्तीमा', 'म पूजा गर्छु मायाको', 'एविसिहिं', 'समाजको बन्धन', 'छोरी पाए', 'यो मार्मिक सन्देश', 'जुलमा पनि दाग छ', 'तिम्रो दर्शन पाइन', 'पोखरा फेवाताल घुम्नलाई', 'या त जुनी जुनी' लगायतका गीत लोकप्रिय छन् ।

'छड्के २' को ट्रेलर

■ सौर्य समाचार

काठमाडौं । निगम श्रेष्ठ निर्देशन गरेको चलचित्र 'छड्के २' को ट्रेलर सार्वजनिक भएको छ । दुई समूहबीचको द्वन्द्वलाई मुख्य विषयवस्तु बनाइएको चलचित्रमा अभिनेता अनमोल एउटा समूहको नाइकोको रुपमा देखाइएको छ । सहनायक अवतारमा देखिएका उनले एउटा समूहका केटाको हात तरवारले काटेको दृश्य ट्रेलर देखाइएको छ । एक मिनेट ४६ सेकेण्डको उक्त ट्रेलरले दुई समूहबीचको लड़ाईलाई देखाइएको छ । चलचित्रमा अभिनेता अनमोलसँगै, रोविन लामाछ, कयालमणि नेपाल, देवकुमार श्रेष्ठ, सिर्जना सुब्बा लगायतका कलाकारको अभिनय छ । फागुन १९ बाट देशव्यापी प्रदर्शनमा आउने तयारीमा रहेको यो चलचित्रको कथा निर्देशक निगमले लेखेका हुन् ।

बीमालेख हरायो

मिति २०७९/०९/१० गते हलचाकैदेखि नर्वा बानेश्वर जाने क्रममा हराएको हुँदा पाउनुहुने महानुभावले नजिकको प्रहरी चौकी वा तलको ठेगानामा सम्पर्क गरिदिनुहुनको लागि विनम्र अनुरोध गर्दछु ।

Policy Number: 100114487
Name: Suresh Rijal Sunar
Mobile : 9869339385

निफमा ३५ देशका ९५ चलचित्र

■ सौर्य समाचार

काठमाडौं । नेपाल अन्तर्राष्ट्रिय चलचित्र महोत्सव (निफ) को छैटौं संस्करणमा ३५ देशका ९५ चलचित्र देखाइने भएको छ । आयोजकका अनुसार यस पटक परम्परा तोड्दै हलमै चलचित्र देखाइने भएको छ । प्रतिस्पर्धी चलचित्र देशको ठूलो मल्टिप्लेक्स च्यानल अयुएफएक्स सिनेमाको छाया सेन्टर सिभिल मल, लबिम मल र भक्तपुर हलमा प्रदर्शन गरिने जनाइएको छ । ३५ देशबाट छनोट गरिएका ९५ चलचित्रलाई सहभागीले हेर्न पाउने छन् । आयोजकले महोत्सवमा संसारका ५५ देशबाट प्राप्त ५ सय बढी चलचित्रबाट छानिएको जनाएको छ । राष्ट्रिय तथा अन्तर्राष्ट्रिय लामा छोटा चलचित्र, डक्यूमेन्ट्री तथा एनिमेटेड चलचित्रको ७ विधामा १४ पुरस्कार वितरण गरिनेछ । निफ आगामी चैत २ गतेदेखि ६ गतेसम्म हुनेछ ।

लिलाम बिक्रीको सूचना

प्रथमपटक सूचना प्रकाशित मिति : २०७९/१०/२० गते

यस सा.व.उ.स.बाट संकलित खपर काठ १६६.०३ क्यु फिट (स्थापउठुसहित) लिलाम बिकी गर्न परेकाले सूचीकृत उद्योगहरूलाई २१ दिने सूचना प्रकाशित गरिएको छ । थप जानकारीका लागि समूहमा सम्पर्क राख्न सकिनेछ ।

सिसरामण्डली सामुदायिक वन उपभोक्ता समूह
ऋषिङ ४, तनहुँ

कर्णाली जलश्रोत लिमिटेडको थप शेयर खरिद गर्ने सम्बन्धी सूचना

दोस्रो पटक प्रकाशित मिति २०७९।१०।२०

मिति २०७९।१०।२० मा बसेको सञ्चालक समितिको बैठकको निर्णय अनुसार यस कम्पनीको शेयरधनीहरुको हैसियतले लगत कायम भएका शेयरधनीहरु लगायत अन्य इच्छुक नेपाली नागरिकहरुलाई प्रति किठ्ठा रु.१००/ दरको आफूले खरिद गरी लिन चाहेको शेयर संख्या र सो बापतको हुन आउने रकम कम्पनीको नाममा रहेको **राष्ट्रिय वाणिज्य बैंक लि.**को खाता नं. ११४०१०००००३२१२००१, **प्रभु बैंक लि.**को खाता नं. ००१००१००८६९३८००००००१ र **एनाम्बी बैंक लि.**को खाता नं. ०२३००३६१२१२०००२२ मा जम्मा गरी सो बैंक भौचर समेत साथै राखि यो सूचना प्रथम पटक प्रकाशित भएको मितिले ३३ दिन भित्र कम्पनीको रजिष्ट्रर्ड कार्यालय का.म.न.पा.वडा नं. २९, अनामनगर, काठमाण्डौमा शेयर खरिदको निवेदन दिन हुन जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ । उक्त समय अवधि भित्र रकम जम्मा गरेको बैंक भौचर साथ पेश हुन आएको निवेदन अनुसारको शेयर लगत नियमानुसार निर्णय गरी कायम गरीने व्यहोरा समेत सूचित गरिएकोछ ।

अध्यक्ष
सञ्चालक समिति

ऐसेलुखर्क गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
ऐसेलुखर्क, खोटाङ
१ नं प्रदेश, नेपाल

ठेक्का खरिद कारबाही रद्द गरिएको सम्बन्धी सूचना

प्रकाशित मिति : (२०७९/१०/२० गते)

यस ऐसेलुखर्क गाउँपालिकाद्वारा मिति २०७९/०८/०८ गतेको प्रभाव दैनिक पत्रिकामा प्रकाशित ठेक्का नं. ARM-KH0-02/079-080/NCB/Goods, Procurement of Hydraulic Excavator with Breaker को बोलपत्र सम्बन्धी सूचना अनुसार विद्युतिय बोलपत्र (e-bidding) प्रणाली मार्फत म्याद भित्र दर्ता भएको बोलपत्रदाताहरुको बोलपत्रको मुल्यांकन गर्दा सार्वजनिक खरिद ऐन, २०६३ (संशोधन सहित) को दफा २३ को उपदफा (२) को खण्ड (घ) बमोजिम नरहेको पाईएकोले ऐनको दफा २६ उपदफा १ (क) बमोजिम खरिद कारबाही रद्द गरिएको सरोकारवाला सबैमा जानकारी गराईन्छ ।

प्रमुख प्रशासकीय अधिकृत

बिश्रामपुर गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
बिश्रामपुर, बारा
मधेश प्रदेश, नेपाल

बोलपत्र स्वीकृत गर्ने आशयको सूचना

सूचना प्रकाशन मिति: २०७९।१०।२० गते

यस बिश्रामपुर गाउँपालिकाको कार्यालयबाट मिति २०७९।०९।१४ गते सौर्य दैनिक पत्रिकामा प्रकाशित विद्युतिय बोलपत्र आव्हनको सूचना अनुसार प्राप्त हुन आएका बोलपत्रहरु मध्ये निम्न लिखित बोलपत्र न्यूनतम मुल्याङ्कित र सारभुत रुपमा प्रभावग्राही भई स्वीकृतीको लागि छनौट भएको हुँदा सार्वजनिक खरिद ऐन २०६३ को दफा २७ को उपदफा २ तथा सोही ऐनको दफा ४७ को प्रयोजनका लागि यो सूचना प्रकाशन गरिएको छ ।

क्र. स.	बोलपत्र नं.	कामको विवरण	छनौट भएको बोलपत्रदाताको नाम र ठेगाना	कबोल रकम भ्याट बाहेक रकम (रु.)
१	BSHRM/NCB/W/ 01/2079/080	Supply And Installation of EkGharEkChapakal Karyakram	Bani Mai Construction And Suppliers,Kalaiya 23 Bara	३९,८८,६११।३

प्रमुख प्रशासकीय अधिकृत

जनुसुचि १५
दफा ३३ उप दफा (२) सँग सम्बन्धित

काठ दाउरा बोलपत्रद्वारा लिलाम बिक्रीको सूचना

प्रथम पटक प्रकाशित मिति : २०७९/१०/२०

श्री जनएकता सा.व.उ.स. भोरंगा १ सुर्खेतको सामुदायिक वनबाट आ.व. २०७८/०७९ मा उत्पादन भई समूहको स्वीकृत कार्ययोजना अनुसार संकलन सहमती दिई संकलन गरी घाटनाईमा राखिएको साल जातको गोलिया थान ३६ को ४७०.२ क्युफिट र दाउरा १ चट्टा जे-जस्तो अवस्थामा छ सोही अवस्थामा आफूले खर्चमा घाटनाईबाट उठाई मैजानुपर्ने गरी लिलाम बिक्री गर्नुपर्ने भएकोले यो सूचना प्रकाशन भएको मितिले २१ (एक्काइस) दिन भित्र सिलबन्दी बोलपत्र दाखिला गर्न आव्हान गरिन्छ । थप जानकारीका लागि यस सामुदायिक उपभोक्ता समितिको कार्यालयमा सम्पर्क राख्न सकिनेछ । पूर्ण व्यहोराको सूचना यस सामुदायिक वन उपभोक्ताका कार्यालय र डि.व.का. सुर्खेतको सूचना पाटीमा टाँस गरिएछ ।

श्री जनएकता सा.व.उ.स.
भैरीगंगा-१, सुर्खेत

नेपाल सरकार
शिक्षा, विज्ञान तथा प्रविधि मन्त्रालय
व्यावसायिक शिक्षा तथा तालिम अभिवृद्धि परियोजना -दोस्रो

बुद्धनगर, काठमाडौंको सूचना !

तपाईसँग जाँगर छ, सिप सिक्ने चाहना छ भने यस परियोजनाबाट सञ्चालन हुने छोटो अवधिको निःशुल्क, सिपमूलक तालिममा सहभागी बनौं; प्राविधिक सिप सिकौं; रोजगार बनौं; आम्दानी बढाऔं; गरिबी हटाऔं; देशलाई समृद्ध बनाऔं ।

जानकारीको लागि
फोन : ०१-४७९६३११
पैसा तिर्न नपर्ने टेलिफोन नं. : १६६००१६७७७७
वेबसाईट: www.event.gov.np

'बसौंन तिमी र म' सार्वजनिक

■ सौर्य समाचार

काठमाडौं । लोक तथा आधुनिक गायिका रिता केसी र गायक तुन्सी शिवाकोटीको युगल आवाज रहेको आधुनिक गीत 'बसौंन तिमी र म' सार्वजनिक भएको छ । 'तुन्सी शिवाकोटी अफिसियल' युट्युब च्यानलमार्फत सार्वजनिक गीतमा शब्द लेखन र संगीत रवि गल्लको रहेको छ । गीतमा दीक्षित पौडेलले संगीत संयोजन गरेका छन् । त्यसैगरी, उक्त गीतको भिडियोमा मोडल विकास लाम्छाने र अलिया अधिकारीको अभिनय छ ।

केशवराज भट्टले निर्देशन गरेको सो भिडियोलाई दिनेश पराजुलीले छायाकन गरेका हुन् भने दिनेश शाहले सम्पादन गरेका छन् । मायाप्रेमको भावलाई गीतको शब्दमार्फत उठान गरेर उक्त गीत र भिडियो बजारमा ल्याएकी गायिका रिताले सुनाइन् । साथै, उनले भिडियोमा पनि मायाप्रेमकै भावचित्रण गरेको बताइन् ।

मलेसियामा वैदेशिक रोजगारको अवसर

कम्पनी: IRON PLEDGE PROTECTION SDN BHD (1047839-V) देश: Malaysia,NILAI
पूर्व स्वीकृत मिति: २०७८/०५/२४ चलानी नं: ६०१८२६९ L.T. No.:273203 पूर्व विज्ञापन

क्र. सं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब RM	मासिक तलब के मा	ओभर टाइम सुविधा	प्रतिदिन काम को घण्टा	हप्ताका काम को दिन	बार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
1.	Security Guard	15	0	न्यूनतम शुद्ध	1500	8५,९८०	क.वि. अनुसार	८ घण्टा	६ दिन	क.वि. अनुसार	छैन	छ	२ वर्ष

अन्तरवार्ता मेनपावर कार्यालय काठमाडौंमा २०७९ माघ १७ गते (10 February 2023) मा हुनेछ ।

नयु आर्मी, प्रहरी र उच्चस्त प्रहरीलाई विशेष प्राथमिकता दिईनेछ । सुरक्षा गार्डमा कमिसमा ३ वर्षको अनुभव भएको हुन पर्नेछ । सुरक्षा सम्बन्धि प्रशिक्षण दिन सक्ने पनि हुन पर्नेछ । उमेर २४ देखि ४२ वर्षको हुन पर्नेछ । उचाई ५५ भन्दा माथी हुन पर्नेछ । अंग्रेजी राम्रो संग बोल्न र लेख्न सक्ने हुन पर्नेछ ।

नि:शुल्क

ब्लू स्काई ईन्टरनेशनल प्रा. लि.
महाराजगंज, चुनदेवी, गैरीमार्ग, काठमाडौं
(आन्तरिक राजदूतावासको पछाडी)
पो.ब.नं. १८३४६, फ्याक्स नं.: ४७२१८२८, फोन नं. ०१-४७२१६३३
application@blueskyint.com.np मा सिधै Apply पनि गर्नसक्नु हुनेछ ।

KUWAIT मा रोजगार Al Hajery General Trading & Contracting Co. W.L.L.
पूर्व विज्ञापन । पूर्व स्वीकृति मिति: २०७१/०५/३० चलानी नं.:६०१८०४८ LT No. 271965

क्र. सं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब KD	मासिक तलब के मा	प्रतिदिन काम को घण्टा	हप्ताका काम को दिन	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
१.	Labor/Helper/Agricultural Labor	82	कायम रहे	85	३६.१८२।		८ घण्टा	६ दिन	छ		२ वर्ष

Overtime & annual leaves are as per company rules.

स्वाभिमा गरिने मेडिकल खर्च काम्पनी गर्ने र फर्ति लाग्ने	विदेशमा गर्ने मेडिकल खर्च काम्पनी लाग्ने	स्वाभिमा गरिने विमा खर्च काम्पनी गर्ने र फर्ति लाग्ने	रोजगारमा फीस हुने : भएर र काम्पनी लाग्ने	हवाई टिकट काम्पनी दिने र फर्ति लाग्ने	भिसा शुल्क काम्पनी दिने र फर्ति लाग्ने	कामदारको फोन	अभिमुखीकरण शुल्क	सेवा शुल्क
कामदार आफैंले	कामदार आफैंले	कामदार आफैंले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	कामदार आफैंले	कामदार आफैंले	रु.५०,००४/-

अन्तरवार्ता २०७९ माघ १७ गते (10 Feb, 2023) यस प्र. लि. को कार्यालय बसुन्धरामा, काठमाडौंमा हुनेछ ।

Decent Employment Pvt. Ltd.
Sundarnagar Marga Basundhara Chowk, Kathmandu, Tel.: 01-5903104
9801049115, 9863592121, 9851330036, Email: cv.decentemployment@gmail.com

Malaysia मा रोजगार Asli Security Services Sdn. Bhd.
पूर्व स्वीकृति मिति: २०७९/१०/१५ चलानी नं. ६०१८४७३ LT No. : 280125

क्र. सं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब RM	मासिक तलब के मा	ओभर टाइम सुविधा	प्रतिदिन काम को घण्टा	हप्ताका काम को दिन	बार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
१.	Security Guard	143	लागत	1500	8५,५६।		क.वि. अनुसार	८ घण्टा	६ दिन	क.वि. अनुसार	छैन	छ	२ वर्ष

स्वाभिमा गरिने मेडिकल खर्च काम्पनी गर्ने र फर्ति लाग्ने	विदेशमा गर्ने मेडिकल खर्च काम्पनी लाग्ने	स्वाभिमा गरिने विमा खर्च काम्पनी गर्ने र फर्ति लाग्ने	रोजगारमा फीस हुने : भएर र काम्पनी लाग्ने	हवाई टिकट काम्पनी दिने र फर्ति लाग्ने	भिसा शुल्क काम्पनी दिने र फर्ति लाग्ने	भिसा नवीकरणको शुल्क काम्पनी लाग्ने	कामदारको फोन	अभिमुखीकरण शुल्क	सेवा शुल्क
रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	कामदार आफैंले	हुने : विशिष्टमा रोजगारदाता कम्पनीले दिने	रोजगारदाता कम्पनीले दिने	रोजगारदाता कम्पनीले दिने	रोजगारदाता कम्पनीले लाग्ने	रु. ५,७०३/- कामदार आफैंले	रु. ७,०३१/- कामदार आफैंले	नि:शुल्क

अन्तरवार्ता धनमाम नङरहेको छ । फाइनल अन्तरवार्ता २०७९ माघ १८, २१ र फागुन १ गते (11, 12 & 13 Feb, 2022) यस प्र. लि. को कार्यालय सिनामंगल, काठमाडौंमा हुनेछ ।

Hi Tech Overseas Pvt. Ltd. Govt. Lic. No.: 1228/074/75
Sinamangal-9, Kathmandu, Nepal, Ph. : 01-4111254
Mobile No.: 9840242429, 9849090937

Malaysia मा रोजगार Sette Colli Sdn. Bhd.
पूर्व स्वीकृति मिति: २०७१/१०/१९ चलानी नं. ६०१८४२३ LT.No. : 280373

क्र. सं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब RM	मासिक तलब के मा	ओभर टाइम सुविधा	प्रतिदिन काम को घण्टा	हप्ताका काम को दिन	बार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
१.	Restaurant	06	लागत	1500	8५,५६।		क.वि. अनुसार	८ घण्टा	६ दिन	क.वि. अनुसार	छैन	छ	२ वर्ष

स्वाभिमा गरिने मेडिकल खर्च काम्पनी गर्ने र फर्ति लाग्ने	विदेशमा गर्ने मेडिकल खर्च काम्पनी लाग्ने	स्वाभिमा गरिने विमा खर्च काम्पनी गर्ने र फर्ति लाग्ने	रोजगारमा फीस हुने : भएर र काम्पनी लाग्ने	हवाई टिकट काम्पनी दिने र फर्ति लाग्ने	भिसा शुल्क काम्पनी दिने र फर्ति लाग्ने	भिसा नवीकरणको शुल्क काम्पनी लाग्ने	कामदारको फोन	अभिमुखीकरण शुल्क	सेवा शुल्क
रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	कामदार आफैंले	हुने : विशिष्टमा रोजगारदाता कम्पनीले दिने	रोजगारदाता कम्पनीले दिने	रोजगारदाता कम्पनीले दिने	रोजगारदाता कम्पनीले लाग्ने	रु. ५,७०१/- कामदार आफैंले	रु. ७,०३१/- कामदार आफैंले	नि:शुल्क

अन्तरवार्ता २०७९ माघ १७ गते (10 Feb, 2023) यस प्र. लि. को कार्यालय सामाखुसी, काठमाडौंमा हुनेछ ।

लाईफ ईन्टरनेशनल ओभरसिज प्रा. लि. Govt. Licence No. 1/Kathmandu/Lic/75
सामाखुसी, काठमाडौं, फोन : ४४३९८५४, ४४३८५९८, ९८०४१९२२५९, ९८०४१९२२५०, ९८०१०६४०९९

Malaysia मा रोजगार South Island Garment Sdn. Bhd.
पूर्व विज्ञापन । पूर्व स्वीकृति मिति: २०७९/०८/१९ चलानी नं. ६०१८२०१३ LT No. : 277119

क्र. सं.	कामदारको पद	माग संख्या पुरुष	माग संख्या महिला	न्यूनतम योग्यता	मासिक तलब RM	मासिक तलब के मा	ओभर टाइम सुविधा	प्रतिदिन काम को घण्टा	हप्ताका काम को दिन	बार्षिक बिदा	खाना सुविधा	बस्ने सुविधा	करार अवधि
१.	Factory Worker (Manufacturing Sec.)	142	0	लागत	1500	४६,४३०।	क.वि. अनुसार	८ घण्टा	६ दिन	क.वि. अनुसार	छैन	छ	२ वर्ष

स्वाभिमा गरिने मेडिकल खर्च काम्पनी गर्ने र फर्ति लाग्ने	विदेशमा गर्ने मेडिकल खर्च काम्पनी लाग्ने	स्वाभिमा गरिने विमा खर्च काम्पनी गर्ने र फर्ति लाग्ने	रोजगारमा फीस हुने : भएर र काम्पनी लाग्ने	हवाई टिकट काम्पनी दिने र फर्ति लाग्ने	भिसा शुल्क काम्पनी दिने र फर्ति लाग्ने	भिसा नवीकरणको शुल्क काम्पनी लाग्ने	कामदारको फोन	अभिमुखीकरण शुल्क	सेवा शुल्क
रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	रोजगारदाता कम्पनीले	हुने : विशिष्टमा रोजगारदाता कम्पनीले दिने	रोजगारदाता कम्पनीले दिने	रोजगारदाता कम्पनीले दिने	रोजगारदाता कम्पनीले लाग्ने	रु. ५,४००/- रोजगारदाताले	रु. ७,०००/- रोजगारदाताले	नि:शुल्क

अन्तरवार्ता २०७९ माघ १७ गते (10 Feb, 2023) यस प्र. लि. को कार्यालय बसुन्धरामा, काठमाडौंमा हुनेछ ।

NAAZ OVERSEAS PVT. LTD. (SANAZ OVERSEAS PVT. LTD.)
Basundhara, Bikash Nagar Margh, Kathmandu, Tel.: 01-5917495, 5917496
HOTLINE NO : 9801575557 Whatsapp No : 9801077799
Email : contact@naaznepal.com | For Apply kindly visit : www.naaznepal.com